# नेपाल राष्ट्र बैंक
## पोखरा कार्यालय

**सवारी साधन (बस) भाडामा लिने बारेको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७७।०४।२८**

नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयको कार्य क्षेत्र अन्तर्गतका नोटकोष रहेका बैंक शाखाहरु, नेपाल राष्ट्र बैंकका बिभिन्न विभाग र अन्य कार्यालयहरुमा गरिने तोडाचलान **(Fund Transfer)** कार्यको लागि आवश्यक परेका बखत बस भाडामा लिनुपर्ने भएकोले सवारी साधन (वस) भाडामा दिन इच्छुक सरकारी वा गैरसरकारी संस्थाहरुको कालोसूचीमा नपरेका बस व्यवसायी व्यक्ति/फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

१. सिलबन्दी दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५औं दिन (मिति **२०७७/०५/१०** ४:०० बजे भित्र ) सम्म रु.१,०००।०० (अक्षरेपि एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) यस बैंकको पोखरा कार्यालयमा रहेको ना.नो.आ.हि खाता नं १८०००००-०३०-०१२-५२४ मा नगद जम्मा गरेको सक्कल भौचर बुझाई लिन सकिने छ ।

२. प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६औं दिन अर्थात मिति **२०७७/०५/११** सम्म (सो दिन विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) दिउंसो १२:०० बजे भित्र यस कार्यालयवाट खरिद गरेको, आधिकारिक दस्तखत र छाप भएको फारम भरी सिलबन्दी दरभाउपत्र पोखरा कार्यालयमा दाखिला गरी सक्नु पर्नेछ ।

३. प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६औं दिन अर्थात मिति **२०७७/०५/११** (सो दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको दिन) दिउंसो १२:३० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा यस कार्यालयमा दरभाउपत्र खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पुगेको मानिने छैन ।

४. दरभाउपत्र पेश गर्नेले दरभाउपत्र साथ फर्म दर्ता प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाणपत्र, यातायात व्यवस्था विभाग लगायतका सम्बन्धित निकायहरुमा दर्ता तथा नवीकरण भएका प्रमाणपत्र लगायत अन्य आवश्यक प्रमाणपत्रहरुको प्रतिलिपि संलग्न गर्नु पर्नेछ ।

५. दरभाउपत्र साथ विडवण्ड वापत **रु.४०,०००।०० (अक्षरेपि चालिस हजार मात्र)** यस बैंकको सण्ड्री क्रेडिटर्स हिसाब (१८०९९९९/०११/००१/५२४) मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस बैंकबाट इजाजत प्राप्त बैंक/वित्तीय संस्थाबाट दरभाउपत्र पेश गर्ने अन्तिम मितिले पचहत्तर दिन मान्य अवधि भएको सो रकम बराबरको यस बैंकको पक्षमा जारी गरिएको बैंक ग्यारेन्टीको सक्कल प्रति संलग्न हुनु पर्नेछ ।

६. उपरोक्त अनुसार रीत नपुगेको वा म्यादभित्र प्राप्त नभएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन । दरभाउपत्र सम्वन्धी अन्य शर्तहरु दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम तथा सार्वजनिक खरिद ऐन तथा नेपाल राष्ट्र बैंक खरिद विनियमावली २०७१ (संशोधन समेत) मा उल्लेख भए बमोजिम हुनेछ ।

७. दरभाउपत्रहरु पूर्ण वा आंशिक रुपले स्वीकार गर्ने वा नगर्ने अधिकार बैंकमा निहित रहनेछ ।

८. यस सम्वन्धमा थप जानकारी चाहिएमा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालय, आन्तरिक प्रशासन फांट (फोन : ०६१-४६२७१४/एक्सटेन्सन ११७) मा कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ ।

नेपाल राष्ट्र बैंक
पोखरा कार्यालय